# रोशी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ | भागः २ | मितिः २०७६/०५/२७


## भाग–२

## रोशी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम रोशी गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यबिधि सर्बसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको कार्यबिधि नं. : ८

# रोशी गाउँपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि, २०७६

**प्रस्तावना**

रोशी गाउँपालिकाद्धारा संचालित योजना, आयोजना तथा कार्यक्रमहरूलाई अनुगमन तथा मुल्याङ्कनको माध्यमबाट पारदर्शी, दीगो र जनसहभागितामूलक बनाई सुशासन प्रवर्द्धन गर्दै नतिजामुखी बनाउन वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम स्थानीय तहको योजना संचालन, व्यवस्थापन तथा अनुगमन मूल्यांकनका लागि आफ्नो काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानुन, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सकिनेछ भन्ने व्यवस्था भए वमोजिम रोशी गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद– १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "रोशी गाउँपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि २०७६" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कायविधि" भन्नाले रोशी गाउँपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि, २०७६ लाई सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले रोशी गाउँपालिकाको कार्यालय, कटुञ्जेवेशीलाई सम्झनु पर्दछ ।

(ग) "अनुगमन" भन्नाले योजना, आयोजना तथा कार्यक्रमहरूमा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ/छैन र कार्यतालिका अनुसार क्रियाकलापहरू कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल भएको छ/छैन भनी गाउँ कार्यपालिकाद्धारा

तोकिएका पदाधिकारी तथा कर्मचारीहरूद्वारा निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्यलाई सम्झनु पर्दछ ।

(घ) "मुल्याङ्कन" भन्नाले कार्यान्वयन गरिएका योजना, आयोजना तथा कार्यक्रमहरू हालको समयमा के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा के कस्ता उपलव्धी एवं प्रभावहरू हासिल भएका छन् भन्ने कुराको लेखाजोखा गर्ने कार्य सम्झनु पर्दछ ।

(ङ) "अनुगमन समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित गाउँपालिकास्तरको अनुगमन तथा मूल्यांकन समिति सम्झनु पर्दछ ।

## परिच्छेद – २

## अनुगमन तथा मूल्याङ्कन समिति

३. **अनुगमन समिति** : (१) गाउँपालिकामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरूलाई नतिजामुखी बनाउन देहायका सदस्यहरू रहेको एक अनुगमन समिति रहनेछ :

(क) गाउँपालिकाको उपाध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) गाउँ कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य महिला १ जना - सदस्य

(घ) गाउँ कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य १ जना - सदस्य

(घ) योजना/प्राविधिक शाखाको प्रतिनिधि - सदस्य-सचिव

तर, उक्त समितिका सदस्यका अतिरिक्त योजनाहरूको गुणस्तरियता कायम गर्नका लागि गाउँपालिका अध्यक्ष स्वयं वा प्रतिनिधि खटाई योजनाहरूको विशेष अनुगमन गर्न वाधा पुगेको मानिने छैन ।

(२) गाउँपालिका वा वडा स्तरबाट संचालित रु. ५ लाख भन्दा बढिका योजनाहरूको हकमा योजनाको सार्वजानिक परिक्षण गर्दा गाउँपालिकाबाट तोकिएका प्रतिनिधिको रोहबरमा गर्नु पर्नेछ र

सो समयमा योजना अनुगमन समितिका पदाधिकारीको समेत सहभागीताको लागी प्रयास गरिनेछ ।

(३) वडा स्तरमा संचालित कुनैपनि योजनाहरूको अनुगमन मुल्याङ्कन वडा समितिबाट पनि निरन्तर रुपमा गरिनेछ । उक्त अनुगमनमा देखिएका कुराहरू वडा अध्यक्ष मार्फत नगर स्तरीय अनुगमन समिति समक्ष पेश गरिनेछ ।

(४) वडा स्तरीय योजनाको अनुगमन सुपरिवेक्षण गर्दा सम्बन्धित वडाका वडा अध्यक्ष्यलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिनेछ ।

## ४. अनुगमन समितिको काम, कर्तव्य र अधिकार :

(१) दफा ३ को उपदफा (१) वमोजिम गठित गाउँपालिका स्तरको अनुगमन तथा मुल्याङ्कन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगरपालिकामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित वा आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा गाउँ सभा तथा गाउँ कार्यपालिकाबाट भएका निर्णय तथा निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने ।

(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरू उचित ढंगले व्यवस्थापन गर्ने ।

(घ) अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन तयार गरी पेश गर्ने ।

(ङ) गाउँसभा, गाउँ कार्यपालिका तथा गाउँपालिका अध्यक्षले तोकेका अन्य कार्यहरू गर्ने ।

(च) अन्तिम अनुगमन तथा मुल्याङ्कनका क्रममा उपभोक्ता समिति वा प्राविधिकबाट कुनै किसिमको मात्रात्मक वा गुणात्मक कमी कमजोरी गरेको वा प्राविधिक इस्टिमेट बमोजिमको कार्य नभएको पाईएमा कार्वाहीका लागि सिफारिस गर्ने ।

५. **आयोजनाको प्रभावमूल्याङ्न:** (१) रु. ५ करोड भन्दा बढी लागतका आयोजनाहरूको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्न गराउनु पर्नेछ ।

(२) गाउँपालिका वा वडा स्तरीय योजनाहरू मध्ये रु. १० लाख सम्म लागत भएका योजनाहरूको हकमा वडा समितिबाटै गरिएको अनुगमन मुल्याङ्कनका आधारमा प्राप्त प्रतिवेदनसहितको सिफारिसका आधारमा रकम भुक्तानीका लागी सिफारिस गर्नेछ ।

(३) वडा स्तरीय समितिबाट प्राप्त अनुगमन मुल्याङ्कनका आधारमा भएको सिफारिस उपर कुनै गुनासो आएमा वा आवश्यक ठानेमा गाउँ स्तरीय अनुगमन समितिबाट अनुगमन गरिनेछ ।

## परिच्छेद–३
## अनुगमन तथा मुल्याङ्कन सुविधा

६. **अनुगमन तथा मुल्याङ्कन सुविधा** : (१) दफा ३ को उपदफा (१) बमोजिमको अनुगमन तथा मुल्याङ्कन समितिको पदाधिकारी तथा कर्मचारीहरूले देहायको दरमा अनुगमन सुविधाप्राप्त गर्नेछन् । सुविधा प्राप्त गर्नका लागि अनुगमन समितिका पदाधिकारीहरूले गाउँपालिका अध्यक्ष ज्यूबाट भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ र धेरै आयोजनाहरू एकै क्षेत्रमा पर्ने एक भन्दा बढी आयोजनाहरूको अनुगमन मितव्ययी तवरले गराउने दायित्व अनुगमन समितिको हुनेछ र सो वापत प्रतिवेदन प्राप्त भएपछि प्रतिदिन प्रतिव्यक्ति रु. १०००।०० भुक्तानी दिईनेछ ।

## परिच्छेद – ४
## अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन

७. **अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन** : दफा ३ को उपदफा (१) बमोजिम गठित अनुगमन तथा मुल्याङ्कन समितिले अनुसूचि–१ बमोजिमकोँचामा अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन तयार गरी गाउँपालिका अध्यक्ष मार्फत कार्यपालिका बैठकमा पेश गर्नु पर्नेछ ।

८. **प्रतिवेदन पेश गर्ने अवधि** : (१) दफा ३ को उपदफा (१) बमोजिमको समितिले अनुसुचि - १ बमोजिमको प्रतिवेदन गाउँ कार्यपालिका बैठक समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद – ५
## विविध

९. **बाधा अड्काउ फुकाउ तथा संशोधन** : (१) यो कार्यविधि कार्यान्वयनको सर्न्दभमा कुनै बाधा अडकाउ परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ

(२) यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही गाउँ कार्यपालिकाको हुनेछ ।

# अनुसूची - १
## परिच्छेद ४ को दफा ७ सँग सम्बन्धित
## रोशी गाउँपालिका
कटुन्जेवेशी, काभ्रेपलाञ्चोक

योजना अनुगमन समितिको प्रतिवेदन
श्री गाउँपालिका अध्यक्ष ज्यू
रोशी गाउँपालिका,
काभ्रेपलाञ्चोक

रोशी गाउँपालिकाको गाउँसभाले आ. व. .........मा संचालनका लागि पारित गरेको तपशिल वमोजिमको योजना संचालन पश्चात गाउँस्तरीय/ वडास्तरीय अनुगमन टोलीले योजनाको अनुगमन गरी पेश गरेको अनुगमन प्रतिवेदन ।

१. योजनाको नाम : .................

२. योजना संचालन भएको स्थान :................

३. विनियोजित रकम रु : ..................... जनश्रमदान रु : ........... कुल लागत रु :...............

४. सम्झौता मिति : ..................... सम्पन्न गर्नु पर्ने मिति : .......... सम्पन्न भएको मिति :.................

**५. अनुगमनका कममा देखिएका कुराहरू :**

| कं.सं. | व्यहोरा | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | स्वीकृत लागत अनुमान वमोजिमको कार्य | | | |
| २ | उपभोक्ता समितिको तर्फबाट जनश्रमदान | | | |

| | | | | |
|---|---|---|---|---|
| ३ | सार्वजनिक परीक्षण (उपस्थित संख्या समेत उल्लेख गर्ने) | | | |
| ४ | आयोजना सूचना पाटी (सबैले देख्ने ठाउँमा) | | | |

**६. आयोजना संचालनमा देखिएका समस्याहरू :**

१. ...................................

२. ...................................

**७. अनुगमन समितिका सुझावहरू:**

१. ...........................................

२. ...........................................

.....................................................

उपभोक्ता समितिका पदाधिकारीको दस्तखत

**८. अनुगमन समितिको निष्कर्ष :** ...................

**९. अनुगमनमा संलग्न पदाधिकारीहरू :**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले

डम्बरु दाहाल

प्रमुख प्रशासकीय अधिकृत